मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
चलानी नं.

मिति: २०८३/०४/०१
नेपाल सम्वत् ११४६

**बिषय: मंगलसेन बजारको फोहोरमैला संकलन सम्बन्धि कार्यतालिका सार्वजनिक गरिएको सम्बन्धमा।**

मंगलसेन नगरपालिकाको खानेपानी तथा सरसफाइ शाखाको आयोजनामा मिति २०८३ साल श्रावण १ गते बसेको सरोकारवालाहरूको बैठकबाट मंगलसेन बजार क्षेत्रको नियमित सरसफाइ तथा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले मिति २०८३ साल श्रावण ४ गतेदेखि लागु हुने गरी तपशिल बमोजिम फोहोरमैला संकलन सम्बन्धि कार्यतालिका स्वीकृत भएको व्यहोरा सम्पूर्ण व्यवसायी तथा सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै फोहोरमैला संकलन सम्बन्धिका शर्तहरु समेत पालना गर्न हुन जानकारी गराईन्छ ।

कार्यतालिका

| क्र.सं. | बार | कार्यक्षेत्र | कार्य समय | कार्यविवरण |
|---|---|---|---|---|
| १ | सोमबार | बसपार्क क्षेत्र-बैरागीधारा-प्रहरी बिट-शिक्षा समन्वय इकाई-जिपपार्क र सान्नीकोट क्षेत्र | विहान ७ बजे देखि | संकलित फोहर उठाई डम्पिङ साइटसम्म पुऱ्याउने |
| २ | मङ्गलबार | टिकट काउण्टर चोकदेखि-कृषि विकास बैंक-बालमन्दिर-बिच बजार हुँदै दरबार क्षेत्र | विहान ७ बजे देखि | |
| ३ | बुधवार | झारफुंगा-पिपलचौतारा-बिच बजार चोक-क्याम्पस क्षेत्र हुँदै अस्पताल क्षेत्र | बिहान ७ बजे देखि | |
| ४ | विहिवार | पुरै बजार परिक्रमा र ठूलासैन बजार | बिहान ७ बजे देखि | |
| ५ | शुक्रवार | नाली, सार्वजनिक स्थल, मन्दिर सरसफाई र झाडी कटान | बिहान ७ बजेदेखि | सरसफाई, फोहोर संकलन |

२०८३/४/१

विष्णु प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दीगो पूर्वाधार - आत्मनिर्भर मंगलसेन नगरको बलियो आधार "
web: www.mangalsenmun.gov.np, email: mmunicipalityachham@gmail.com, ☎: ०९७-६२०१३८

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

व्यवसायी तथा सरोकारवालाहरुले पालना गर्नुपर्ने शर्तहरु

१. स्वीकृत सरसफाइ कार्यतालिकाको पूर्ण पालना गर्नु सम्पूर्ण व्यवसायी तथा सरोकारवालाको दायित्व हुनेछ।
२. तोकिएको समयभन्दा अगाडि वा पछि तथा सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्न पाइने छैन।
३. फोहोरलाई स्रोतमै कुहिने र नकुहिने गरी छुट्टाछुट्टै संकलन गरी मात्र सरसफाईकर्मीलाई उपलब्ध गराउनुपर्नेछ।
४. प्रत्येक व्यवसायीले आफ्नो पसल अगाडिको करिब १०–१५ मिटर क्षेत्र दैनिक रूपमा सफा राख्नुपर्नेछ।
५. सरसफाइ कार्यतालिकाको पालना नगर्ने वा जथाभावी फोहोर फाली वातावरण प्रदूषण गर्ने व्यक्ति वा संस्थालाई मंगलसेन नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७५ तथा प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ।
६. नगर क्षेत्रलाई स्वच्छ, सफा र वातावरणमैत्री बनाउन सबै नगरवासीको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गरिएको छ।

२०८२।८।१

प्रमुख प्रशासकीय अधिकृत